जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.वि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक ९४ २०७९ साल कात्तिक २१ गते सोमबार (7 Nov. 2022 Monday) मूल्य रु. ५/-

**Log in :** *rajbirajdainik.com.np*

**डेंगीबाट बचौं**

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

*यस अंक भित्र :* २ पृष्ठमा : समावेशी मुद्दामा दल र ... ३ पृष्ठमा : निर्वाचनको असल ... ३ पृष्ठमा : नयाँदिल्लीका असी प्रतिशत ...

## आचार संहिता व्यापक उल्लंघन भइरहेकोप्रति चिन्ता व्यक्त



**दैनिक समाचारदाता**
**राजविराज, २० कात्तिक ।**
जिल्ला निर्वाचन कार्यालय सप्तरीले आइतबार आयोजना गरेको जिल्ला स्तरिय अभिमूखीकरण कार्यक्रममा जिल्लामा आचार संहिताको व्यापक उल्लघंन भइरहेकोप्रति चिन्ता व्यक्त गरिएको हो।

मुख्य निर्वाचन अधिकृत हेमन्त रावलले तीन-तीन पटक सर्वदलिय बैठक राखेर ध्यानाकर्षण गराउँदा पनि आचार संहिताको उल्लघंन हुन नछाडेको प्रति दललगायत उम्मेदवारहरु गम्भिर हुनुपर्ने बताएका छन्।

यसअघि तीन पटक आचार संहिता पालना बारे छलफल राखिसकिएको बताएका उनले आचार संहिता पालनाका बारेमा सरोकारवालाहरुलाई राखेर छलफल गर्ने जानकारी दिएका छन्।

निर्वाचन स्वच्छ, मर्यादित, भयरहित तथा शान्तिपूर्ण रुपमा सम्पन्न गराउनका लागि आचार संहिताको पालना पनि प्रमुख आवश्यकता रहेको बताउँदै उनले अझै पनि यसको उल्लघंन भइरहेको स्वीकार गरेका छन्।

निर्वाचनमा सुरक्षाका लागि सप्तरीसित सीमाना जोडिएको भारतका जिल्ला सुपौल र मधुवनीस्थित डिस्ट्रिक्ट मजिस्ट्रेट र एसपी समक्ष बारम्बार कुरा भइरहेको जानकारी दिँदै उनले निर्वाचन आचार संहिता पालना गरि निर्वाचन सफलताका साथ सम्पन्न गर्नका लागि सहयोगको आग्रह पनि गरे।

प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापाले निर्वाचनको आचार संहिता उल्लंघन गर्नेलाई ध्यानाकर्षण गराउने, स्पष्टिकरण सोध्ने र केही सीप नलागे उम्मेदवारी नै रद्दको प्रावधान समेत रहेको जानकारी दिए। उनले संचारकर्मीले समेत निर्वाचन आचार संहिता पालना गर्नु आवश्यक रहेको भन्दै यसबाट सफलताका साथ निर्वाचन सम्पन्न गर्नमा मद्दत पुग्ने बताए।

कार्यक्रममा स्थानिय संचारकर्मीहरुले निर्वाचन प्रचारमा बालबालिकाको प्रयोग भइरहेको, सामाजिक संजालमा एक पक्षले अर्को पक्षलाई अमर्यादित रुपमा टिकाटिप्पणी गर्ने गरेको, सार्वजनिक स्थलमा निर्वाचन प्रचार सामाग्रि टास्ने काम भएको, तोकिएको भन्दा ठूलो आकारमा तुल, ब्यानरको प्रयोग गरिएको लगायतका विषयमा ध्यानाकर्षण गराएका थिए।

## विद्यापति स्मृती पर्व मनाइयो




**दैनिक समाचारदाता**
**राजविराज, २० कात्तिक ।**
कवि कोकिल विद्यापतिको स्मृति एवं सम्मानमा मैथिली साहित्य परिषद् तथा आवद्ध संघसंस्थाले विविध कार्यक्रमको आयोजना गरि मनाएको छ।

तीन दिवसीय कार्यक्रम अन्तरगत शुक्रबार साहित्यिक गोष्ठी तथा शनिबार "मैथिली भाषाको विकासप्रति प्रतिनिधिसभा र प्रदशेसभाका उम्मेदवारहरुको अवधारण" विषय अन्तरक्रिया कार्यक्रमको आयोजना गरेको परिषद्ले अन्तिम दिन आइतबार झाँकी प्रदर्शन, श्रद्धाञ्जलीसभा तथा सम्मान कार्यक्रमको आयोजना गरेको हो।

स्थानिय पब्लिक बिन्देश्वरी माध्यमिक विद्यालयको प्राङ्गणबाट विद्यापतिको महत्व झल्किने आकर्षक झाँकीसहित निस्केको जुलुस नगर परिक्रमा पश्चात् मैथिली भवनमा पुगि श्रद्धाञ्जली सभा तथा सम्मान समारोहमा परिणत भएको थियो।

परिषद्का अध्यक्ष सतिशकुमार दत्तको सभापतित्वमा आयोजित सभामा मधेशी आयोगका अध्यक्ष बिजय दत्त, सदस्य आभासेतु सिंह, मधेश प्रदेश आमसंचार प्राधिकरणका अध्यक्ष श्यामसुन्दर यादव, परिषद्का पूर्वअध्यक्ष द्वय विष्णु मण्डल, विवेकानन्द मिश्र, पूर्वसांसद शिवचन्द्र मिश्र, मैथिल महिला परिषद्की संस्थापक अध्यक्ष मिना ठाकुर, अन्तराष्ट्रिय मैथिल परिषद्की अध्यक्ष अध्यक्ष करुण झा लगायतले विद्यापतिको प्रतिभा र विद्वता बारे आ-आफ्नो विचार व्यक्त गरेका थिए।

सो अवसरमा यस पटकको शिवदत्त मिश्र स्मृती पुरस्कारबाट प्रसिद्ध गायक गुरुदेव कामत र बिजेन्द्र बिनोद स्मृती कला पुरस्कारबाट देवेन्द साह सोनीलाई सम्मानित गरिएको छ।

यस्तै लक्ष्मी-विवेका पत्रकारिता पुरस्कारबाट अजय साह शिवाली र शोभा देव मैथिली स्मृति पुरस्कारबाट सप्तरीको पहिलो महिला शिक्षिका बच्ची मिश्रा पनि सम्मानित भएकी छिन।

## २८ जना संक्रमित

**दैनिक समाचारदाता**
**राजविराज, २० कात्तिक ।**
पछिल्लो २४ घण्टामा देशभर थप २८ जनामा कोरोना संक्रमण पुष्टि भएको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार एक हजार ८ सय ७९ जनामा गरिएको नमुना परीक्षणमा २८ जनामा कोरोना संक्रमण पुष्टि भएको हो।

यस्तै सोही समयमा १८ जना कोरोना संक्रमणबाट मुक्त भएका छन्। स्वास्थ्य मन्त्रालयका अनुसार नेपालमा हाल कोरोनाका सक्रिय संक्रमित ५७० जना रहेका छन्।

## भन्सार छलेर भारततर्फ लैजादैं गरेको मदिरा तथा किरानाका सामानसहित एक भारतीय पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, २० कात्तिक ।**
सप्तरी प्रहरीले जिल्लाको विभिन्न नाकाबाट भारततर्फ अवैध रुपमा लैजाँदै गरेको ४ लाख २५ हजार ७ सय ५० मुल्य बराबरको मदिरा तथा किरानाका सामानहरु बरामद गर्नुका साथै एक भारतीय नागरिकलाई पक्राउ गरेको छ।

जिल्लाको डाक्नेश्वरी नगरपालिका ६ कटैयास्थित सडक खण्डमा भारतीय नम्बर बिआर ५० डब्लु ४५४६ नम्बरको मोटरसाइकलमा मदिरा लोड गरी नेपालबाट भारततर्फ लैजादै गरेको २ लाख ४७ हजार ५ सय मुल्य बराबरको चार कार्टुन मदिरा प्रहरीले बरामद गरेको हो।

मदिरासहित प्रहरीले भारत बिहार मधुवनी जिल्ला करिओथ ग्राम पञ्चायत बस्ने २१ वर्षिय नितेश कुमार मण्डललाई नियन्त्रणमा लिएको जनाएको छ।

यस्तै प्रहरीले जिल्लाको राजगढ गाउँपालिका २ कमलपुर टोलमा नेपालबाट भारततर्फ अबैध रुपमा मोटरसाईकलमा लोड गरी लैजादै १ लाख ८ हजार ६ सय मुल्य बराबरको ३ कार्टुन मदिरा बरामद गरेको छ।

यसैगरि जिल्लाको छिन्नमस्ता गाउँपालिका ६ मा भारतबाट भन्सार छलेर चोरी निकासी गरी ल्याईरहेको ६९ हजार ६ सय ५० मुल्य बराबरको विभिन्न किराना सामानहरु प्रहरीले बरामद गरेको छ।

बरामद गरिएका मदिरा तथा किरानाका सामानहरु आवश्यक कारवाहीका लागि राजविराज भन्सार कार्यालय तिलाठी पठाईएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

**जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?**

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**

# समावेशी मुद्दामा दल र राज्यको किन बेवास्ता ?

**दीपा नेपाली**

नयाँ संविधान जारी गर्न जनताले जति सास्ती पाए, त्यो भन्दा बढी संविधानको अनुशरण गर्न खेप्नु परेको छ । जनताको निम्ति ल्याइएको संविधान जनताको हित विपरीत राजनीतिक दलले उपभोग गर्न लागि परेको देखिन्छ ।संविधानको अपमान गर्न सबै दलहरु माहिर छन् । अरूको शरीरमा जुम्रो उक्लेको देख्ने तर आफ्नो शरीरमा भैंसी उक्लेको नदेख्ने कथित दलका कार्यकर्ता आफू संलग्न भएको पार्टीका नेताले संविधानमाथि गरेको बैमानीबारे खुलेर विरोध गरेको पाइँदैन । जनताको अवस्था परिवर्तन गर्न र संविधान कार्यान्वयन गर्न कुनै पनि दलका नेता कार्यकर्ता गम्भीर भएको देखिँदैनन । अथवा भनौं आफ्नै पार्टी भित्रको गलत प्रवृत्ति देखेर पनि नदेखे जस्तो अथवा सुनेर नसुने जस्तो गर्न कार्यकर्ताले बानी परिसकेका छन् ।

त्यसैले, निर्लज्ज हुँदै, राजनीतिक फाइदा र बेफाइदाका लागि बोल्ने, गर्ने दलका कार्यकर्तालाई यो लेख पढ्न म अनुरोध गर्छु ।

**समानुपातिक समावेशी र दलको बेइमानी:**

संविधानको धारा ८४ (क) अनुसार प्रतिनिधिसभामा प्रत्यक्षतर्फबाट १६५ जना निर्वाचित हुने र समानुपातिक निर्वाचन प्रणालीमार्फत ११० सदस्य मनोनीत हुने व्यवस्था छ । धारा ८४ को उपधारा (२) अनुसार समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधि सभाको निर्वाचनका लागि राजनीतिक दलको उम्मेदवारी दिँदा यस्तो व्यवस्था गरिएको छ :

जनसंख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारू, मुस्लिम, पिछडिएको क्षेत्र समेतबाट बन्द सूचीका आधारमा प्रतिनिधित्व गराउने व्यवस्था संघीय कानुन बमोजिम हुनेछ । त्यसरी उम्मेदवारी दिदा भूगोल र प्रादेशिक सन्तुलनलाई समेत ध्यान दिनु पर्नेछ भनी व्यवस्था गरेको छ ।

तैपनि ठूला दलले संविधानमा भएको व्यवस्था कार्यान्वयन गर्नु कता हो कता । संविधान विपरीत आसन्न संघ र प्रदेशको चुनावमा प्रतिनिधित्व बनाउन चलखेल गरे । गत असोज २ र ३ गते दलले प्रदेश र प्रतिनिधिसभाको लागि समानुपातिक उम्मेदवारको बन्दसूची निर्वाचन आयोगलाई बुझाए, जसमा कुनै दलले समानुपातिक समावेशीताको सिद्धान्तलाई आत्मसाथ गरेको समाचार बाहिरिएन ।

उत्पीडित समुदाय र उत्पीडित वर्गको निम्ति समानुपातिक समावेशीताको खेमामा दश वर्षे जनयुद्ध लडेको माओवादी पार्टीले आफैले उठाएको प्रमुख एजेण्डाको भावना विपरीत समानुपातिक तर्फको बन्दसूची तयार गरेको छ । धेरै पटक राज्य र संसदीय लाभ लिएका कृष्णबहादुर महरालाई समानुपातिक उम्मेदवारको पहिलो प्राथमिकतामा राखेको थियो । महराले अन्तिम समयमा आफ्नो नाम बन्द सूचीबाट हटाउन लगाएको समाचार त बाहिरियो । तर महराकी छोरी प्रगति महरा लुम्बिनी प्रदेश सभा सांसदका लागि समानुपातिकको बन्द सूचीमा परेको धेरैलाई नोटिस भएन ।

त्यस्तै, प्रधानमन्त्री शेरबहादुर देउवाको पत्नी आरजु राणा देउवा, पटक पटक मन्त्री भइसकेका काँग्रेसका केन्द्रीय नेताहरू प्रकाशशरण महत, विमलेन्द्र निधि, फरमुल्लाह मन्सुर र गोपालमान श्रेष्ठहरू समानुपातिक सूचीको सूचीमा छन् ।

यसै गरी एमालेले पछि पारिएका समुदायलाई पार्टीभित्र होस् या राज्यको मूलधारमा समाहित गर्ने सकारात्मक सामर्थ्य राखेकै छैन । उसले समानुपातिक समावेशिताको मूलधारमा उत्पीडित सीमान्तकृत समुदायलाई समावेश गर्नुको साटो सम्भ्रान्त वर्गका महिलाई प्रतिनिधित्व बनाएर लैङ्गिक समानताको खाडल पुर्ने आफ्नै ढिपी गरेको पाईन्छ । जो संविधान विपरीत छ ।

लैङ्गिक असमानता हटाउन एमालेले समानुपातिकतर्फ प्रतिनिधिसभामा ५२ प्रतिशत र प्रदेश सभामा ५४ प्रतिशत महिला उम्मेदवार बनाएको छ । जसमा प्रतिनिधिसभाको एक सय १० जना उम्मेदवारमध्ये ५७ जना महिला छन् भने ५३ जना पुरुष उम्मेदवार छन् ।

यस पटक एमालेले केन्द्रीय सदस्य रघुजी पन्तदेखि पार्टी उपाध्यक्ष रामबहादुर थापाकी पत्नी नैनकला थापा, पार्टी महासचिव शंकर पोखरेलकी बहिनी मेनका पोखरेल सम्मलाई समानुपातिक सूचीमा राखेको छ ।

त्यसै गरी एमालेबाट अलग्गिएको अर्को नेकपा एकीकृत समाजवादीले पनि संविधानको पूर्ण अनुसरण गर्न सकेको देखिदैन । पार्टीको उच्च ओहदाका र राष्ट्रिय राजनीतिमा कहलिएका नेताहरुलाई समानुपातिकतर्फ राखेको छ । जसमा उपाध्यक्ष प्रमेश हमाल, उपमहासचिव डा गंगालाल तुलाधर र सचिव नागेन्द्र चौधरीलाई समानुपातिकको बन्दसूचीमा प्राथमिकताका साथ राखिएको छ । अन्य साना पार्टीको सिकाई ठूला पार्टीको भन्दा फरक छैन ।

**समानुपातिक सिद्धान्तको व्यवस्था:**

प्रतिनिधि सदस्यका लागि समानुपातिक निर्वाचन निर्देशिका, २०७९ को परिच्छेद ४ को दफा १३ को उपदफा ३ को १ (क) बमोजिम दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारू र मुस्लिमको जनसंख्या प्रतिशतको आधारमा देहायबमोजिम प्रतिनिधित्व हुने गरी उम्मेदवारको नाम समावेश गर्नुपर्नेछ । जसमा दलित १३.८ प्रतिशत, आदिवासी जनजाति २८.७ प्रतिशत, खस आर्य ३१.२ प्रतिशत, मधेसी १५.३ प्रतिशत, थारू ६.६ प्रतिशत, मुस्लिम ४.४ प्रतिशत प्रतिनिधित्व हुने व्यवस्था छ । प्रदेश सभा सदस्य समानुपातिक निर्वाचन निर्देशिकामा पनि त्यस्तै व्यवस्था छ ।

तैपनि संविधानको औचित्यमाथि नेपालमा ठूला राजनीतिक दलले आफ्नो इमानदारिता देखाउन सकिरहेका छैनन् । संविधानको संरक्षण गर्न सबै पार्टी कार्यकर्ता र नेताको दायित्व हुनुपर्ने हो । तर आफ्ना पार्टीको फाईदाको लागि बोल्ने र आन्दोलन गर्ने कार्यकर्ताको वर्चश्व देखिन्छ । त्यसैले, आन्दोलन संविधानको संरक्षण र जनताको पक्षमा नभई दलका नेतालाई खुशी पार्न सडकमा चर्का नारा लगाएको देखिन्छ । जहाँ आफ्ना नेता, कार्यकर्ताले संविधान मिच्दा ठिक र विपक्षले मिच्दा गलत ठान्ने यो संस्कारले समानुपातिक सिद्धान्तलाई निकै कमजोर बनाइरहेको छ ।

**बन्द सूची सच्याउन सक्ने व्यवस्था:**

दलले समानुपातिक समावेशीताको सिद्धान्तलाई कार्यान्वयन गर्न कन्जुस्याइँ माने पनि निर्वाचन आयोगले यसलाई कार्यान्वयन पक्षमा ल्याउन दललाई उम्मेदवारको बन्दसूची सच्याउन निर्देशन दिन सक्ने अवस्था नभएको होइन । उम्मेदवारको बन्दसूची जाँचबुझ गर्दा समानुपातिक प्रतिनिधित्व र समावेशी सिद्धान्तका आधारमा तयार भए नभएको वा अन्य रीत पुगे नपुगेको यकिन गरी त्यस्तो रीत पुगेको नपाइएमा सम्बन्धित दललाई सो सूची सच्याउन अनुसूची-२० बमोजिम सूचित गर्नुपर्ने व्यवस्था छ ।

निर्वाचन आयोगको पहलमा के कति समानुपातिक समावेशीताको सिद्धान्त संरक्षित हुन सक्छ, त्यसको नतिजा हेर्न बाँकी नै छ ।

**असमावेशी समावेशी आयोग:**

संविधान विपरीत जबर्जस्ती ल्याइएका व्यवस्थामा ती दुईथरी आन्दोलनकारी मौन रहेर समर्थन गरिरहेका हुन्छन्, त्यहाँ पक्ष विपक्ष दलको कुरो आउँदैन । जसको ज्वलन्त उदाहरण समावेशी आयोगको नियुक्तिलाई लिन सकिन्छ ।

गत असार ९ गते बिहीबार राष्ट्रपति विद्यादेवी भण्डारीले संवैधानिक परिषदको सिफारिसमा राष्ट्रपतिले समावेशी आयोगका अध्यक्षदेखि सदस्यलगायत विभिन्न संवैधानिक आयोगमा २० जनालाई नियुक्त गरेकी थिइन् । जसमध्ये नियुक्त गरेका २० मध्ये ३ जना राष्ट्रिय समावेशी आयोगका थिए । जसमा आयोगका अध्यक्षमा कास्कीका रामकृष्ण तिमल्सेना, सदस्यमा पर्वतका पुष्पराज तिमिल्सिना र बझाङका मानप्रसाद खत्री थिए । आयोगमा यसअघि नै विष्णुमाया ओझा र हरिदत्त जोशी सदस्य थिए । समावेशी आयोगमा नियुक्त भएका पाँचै जना खसआर्य समुदायका छन् । नामले समावेशी आयोग भएपनि व्यवहारमा बाहुन, क्षेत्रीको आयोग बनाइएको छ । यो संविधान विपरीत हो कि होइन ?

सदियौंदेखि पछि पारिएका समुदायलाई राज्यको पहुँचमा कसरी समाहित गर्ने भन्दा पनि आफू, आफन्त र आफ्ना वरपरकालाई कसरी आफ्नो कुर्सीको रक्षक बनाउने भन्ने होडबाजीमा आसन्न संघ र प्रदेशको चुनावका लागि उम्मेदवार बनाइएका छन् । नेपालका ठूला राजनीतिक दलले हजारौंको बलिदान, रगत र त्यागलाई अपमान गर्दै आएका छन् । र, जबर्जस्ती उही पुरानै शासन प्रणाली थोपर्न खोजेको देखिन्छ ।

परिणामस्वरुप विभिन्न दलहरुले निर्वाचन आयोगमा पठाएको समानुपातिकको बन्दसूचीलाई तथ्यगत आधार मान्न सकिन्छ । सबै पार्टीको व्यवहारिक रुपलाई विश्लेषण गर्ने भने, दलहरुको व्यबहारमा कोही भन्दा कोही फरक छ भन्ने अवस्था छैन । संविधान, लोकतान्त्रिक अभ्यास र समानुपातिक सिद्धान्तलाई कार्यान्वयन गर्ने पक्षमा सबै राजनीतिक दलको एउटै रवैया छ ।

अन्ततः संविधानले पछि पारिएका सीमान्तकृत समुदायको प्रतिनिधित्व सुनिश्चतता गर्नुपर्ने प्रावधान ल्याएको छ । नेपाललाई लोकतान्त्रिक व्यवस्थासम्म ल्याई पुर्याउन नेपाली जनताको ठूलो बलिदान र त्याग रहेको छ । तर आज दलहरुले जनताको ऐतिहासिक बलिदानको विरासतलाई मेट्ने काम गरिरहेका छन् । नेताहरु नेपालको संविधान विपरीत चुनावताका प्रतिनिधि छनोट गर्ने र सत्ता कसरी टिकाउने भन्ने होडबाजीमा लागिपरेका छन् । यदि सत्ता टिकाउनकै लागि प्रतिनिधित्व छनोट गर्ने हो भने सीमान्तकृत समुदायको प्रतिनिधित्व राज्यको मूलधार कसरी समाहित हुन सक्छ ? संविधानको अनुशरण राजनीतिक दलले नै नगर्ने हो भने संविधान कार्यान्वयन गर्ने दायित्व कसको हो ?

रातेपाटीबाट

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. कालीप्रसाद यादव
Dr. Kali Prasad Yadav
MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569




डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाँझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग
सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774
Mo. No : 9819721526, 9852820734

# निर्वाचनको असल अभ्यास



विपुल पोखेल

काठमाडौं, २० कार्तिक (रासस) ।

निर्वाचन नजिकिँदो छ । निर्वाचनमार्फत सही विचार र दृष्टिकोणसहितका क्षमतावान् प्रतिनिधि जनताले चुन्ने अनि उनीहरुबाटै संविधानले परिकल्पना गरेअनुसारको शासन व्यवस्थाको सञ्चालन हुने गर्दछ । यही मान्यताका आधारमा निर्वाचनलाई लोकतन्त्रको सुन्दर पक्ष भन्ने गरिन्छ । त्यति मात्र हैन, लोकतन्त्रमा प्राण भर्नका लागि निर्वाचनको विधि अपनाइन्छ भन्ने मान्यता पनि स्थापित छ । यति भनिसकेपछि निर्वाचनको महत्वका बारेमा धेरै चर्चा गर्न जरुरी नपर्ला ।

नेपालमा निर्वाचनका केही विशेषता छन् । यो देशमा भएको पहिलो निर्वाचनमा सबै नागरिकले मताधिकारको प्रयोग गर्न पी पाउने व्यवस्था भयो । महिला, दलित, आदिवासी, जनजाति, मधेसी, अल्पसङ्ख्यक सबैले यो अधिकार २०१५ सालमा भएको पहिलो आम निर्वाचनका क्रममा पनि प्रयोग गरेका थिए ।

विश्वका थोरै देशमा मात्र यस्तो अभ्यास भएको पाइन्छ । त्यसैगरी पहिलो निर्वाचनबाट निर्वाचित संरचनामा प्रतिनिधित्व गर्नेबाट पनि अत्यधिक समावेशीताको अभ्यास गर्दै मन्त्रिमण्डल बन्यो । दक्षिण एशियामा पहिलो महिला मन्त्री नेपालले पाएको तथ्य हाम्रासामु छ ।

यो सन्दर्भ यहाँ किन उल्लेख गरियो भने निर्वाचनले नेपालमा यस्तो झङ्कार ल्याएर आउछ कि हरेक मतदाताले आफ्नो अधिकार प्रयोग गर्न उत्साहित हुने गर्दछन् र सबैले समान भएको अनुभूति पनि गर्दछन् । त्यसैगरी अर्को के कुराको पुनःजागरण हुन्छ भने लगातार वा आवधिक निर्वाचनले समावेशीताको अभ्यासलाई झनै मजबुत बनाउँछ । नेपालमा निर्वाचन भन्नासाथ यी दुई कुराले नागरिकलाई तरङ्गित बनाउने गर्दछ ।

अहिले हामी निर्वाचनको मुखमा रहँदा नागरिकले त्यही उत्साह र तरङ्ग का साथ निर्वाचनमा सहभागिता जनाउने अवस्थाको सुनिश्चितताका लागि सबै पक्षले काम गरुन् भन्ने अपेक्षा गरिरहेका छौँ । यस्तो महत्वपूर्ण सन्दर्भमा अपेक्षा मात्र काफी हुँदैन । त्यहाँ आफैँले आफ्नो भूमिका निर्धारण गरेर तद्नुकूलको भूमिका पनि खेल्नु पर्दछ ।

खासगरी निर्वाचनको प्रक्रिया महँगो भयो भन्ने गुनासो र चिन्ता व्यापक छ । उम्मेदवार बन्न चाहनेहरु समेत खर्चका कारण निर्वाचनमा प्रतिष्पर्धा गर्न सकिरहेका छैनन् । समानुपातिकतर्फको उम्मेदवार छनोटको दलहरुको अभ्यास हेर्दा त्यसले यो निर्वाचन प्रणालीको औचित्य माथि नै प्रश्न उठाइदिएको छ । दलीय निर्वाचन भएका कारण दलका तर्फबाट उम्मेदवार बन्नु पर्ने हुँदा दलको विश्वास जित्नका लागि पनि योगदानभन्दा खर्च प्राथमिकतामा पर्ने गरेको टिप्पणी भइरहेको पाइन्छ ।

त्यसैगरी दलप्रति र नेतृत्व प्रति वितृष्णा पनि व्यक्त भएको अवस्था छ । यसै कुरालाई समातेर सामाजिक सञ्जालमा 'नो नट अगेन' जस्ता अभियान भइरहेका छन् । भर्खरै सकिएको स्थानीय तहको निर्वाचनमा मत बदर अत्यधिक भएको तथ्याङ्क हाम्रासामु छ । गठबन्धन गरेर निर्वाचन लड्ने नयाँनयाँ अभ्यास मतदाता साक्षरताका लागि चुनौती बनेको छ ।

निश्चित विशेषताका साथ सुरु भएको नेपालको निर्वाचनको अभ्यासलाई आज आएर सिंहावलोकन गर्दा अझै पनि त्यहाँ चुनौती छन् भन्ने निश्कर्ष निकाल्न सकिन्छ । त्यतिमात्रै हैन, निर्वाचनमा सबैको मताधिकार सुरक्षा गरेको र त्यसबाट समावेशी संरचनाहरु निर्माण भएको हाम्रो गर्विलो इतिहास हुँदाहुँदै आज त्यो गौरव क्षण हुँदै गरेको त छैन ? भन्ने प्रश्नको सामना पनि गर्न परिरहेको छ ।

निर्वाचनमा हुने खर्च, पैसा खर्च गरेर मतदातालाई भूलभुलैयामा पार्ने पवबृत्ति तथा उम्मेदवार छनोट गर्दा समावेशीतालाई प्राथमिकतामा नराख्ने प्रवृत्तिको विकासले गर्दा आज निर्वाचनको अभ्यास गर्दा हामी अर्कै बाटोमा त पुग्दै छैनौँ ? भनी समीक्षा गर्नपर्ने ठाउँमा पुगेका छौँ ।

यो अवस्थामा सबैभन्दा महत्वपूर्ण भूमिका मिडियाको हुन्छ । मिडियाको नियमित धर्म के हो भने समस्याको पहिचान गर्ने अनि ती समस्या समाधानका लागि सरोकारवालाहरुको ध्यानाकर्षण गर्नका लागि तथ्य तथ्याङ्कसहितका सामग्री प्रवाह गर्ने ।

अत्यन्त सभ्य र अपेक्षित परिणाम दिनसक्ने गरी निर्वाचनको प्रारम्भिक अभ्यास थालेको नेपालमा अहिले चुनावसँग जोडिएका चुनौतीको थुप्रो किन लाग्दै छ त ? यो कुरामा मिडियाले बहस थाल्नै पर्दछ । यस्तो बहसले निर्वाचनसँग नागरिकको सामिप्यतालाई अझ प्रगाढ बनाउन समेत भूमिका खेल्न सक्छ । निरास जनताले बाध्यतावश वा क्षणिक स्वार्थमा मतदान प्रक्रियामा भाग लिने अवस्था रहँदासम्म निर्वाचनले लोकतन्त्रलाई सम्मृद्ध बनाउनका लागि खासै योगदान दिन सक्दैन ।

निर्वाचनका समयमा उम्मेदवारले मिडियालाई आफ्नो अनुकूल बनाउन भरमग्दुर प्रयास गर्छन् । पत्रकारिताको आधारभूत सिद्धान्त मानिने तटस्थतालाई आक्रमण गर्न खोज्छन् । आर्थिक प्रलोभन, अस्थायी पदहरुको सिर्जना तथा राजनीतिक निकटताका आधारमा 'इमोसनल ब्याकमेल' समेत गरेर सञ्चारकर्मीको तटस्थता खोस्ने प्रयास हुन्छ । यस्तो प्रयासबाट जोगिने सामर्थ्य सञ्चारकर्मीमा हुनु पर्दछ ।

निर्वाचनका समयमा तथ्य र तथ्याङ्कमा आधारित सामग्रीका साथै उम्मेदवार र दलहरुका एजेण्डाका बारेमा समान ढङ्गले नागरिकलाई सुसूचित गराउने दायित्व मिडियाको हो । यो दायित्व बहन गर्न मिडिया लागि रहेको पनि देखिन्छ । तर अब त्यतिले मात्रै पुग्ने अवस्था भने छैन । नेपालमा हुँदै आएको निर्वाचनको सिंहावलोकन गर्दै अझ राम्रो अभ्यासतर्फ लैजानका लागि प्रशस्त बहस आवश्यक ठानिएको छ ।

पी सरोकारवालालाई यसका लागि ध्यानाकर्षण मात्रै हैन, आवश्यकताअनुसार हस्तक्षेपकारी दबाबसमेत मिडियाले दिनुपर्दछ । निर्वाचनप्रतिको अविश्वास र वितृष्णाले लोकतन्त्रलाई नै कमजोर बनाउने हो । उत्साहित नागरिक नै लोकतन्त्रको निरन्तरताको ऊर्जा हो । त्यसका लागि निर्वाचनसँग उत्साहसहितको नागरिक सहभागिता अभिवृद्धि गर्नु पहिलो प्राथमिकता हो । मिडियाले थाल्ने बहसमा नागरिकको सहभागिता हुँदै गर्दा हामीले हाम्रो निर्वाचन प्रणालीलाई असल अभ्यासतर्फ लैजान सक्नेछौँ । (लेखक नेपाल पत्रकार महासंघका अध्यक्ष हुनुहुन्छ)


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आवश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५-६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी-१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी-२ | स्टोकिङ्ग डेन्सिटी-३ | स्टोकिङ्ग डेन्सिटी-४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**
मोवाईल नं. ९८५२८२०९३५


## विश्व समाचार

### नयाँदिल्लीका असी प्रतिशत परिवार वायु प्रदूषणको चपेटामा

नयाँदिल्ली, २० कात्तिक -रासस/सिन्ह्वा) ।

भारतको केन्द्रीय राजधानी नयाँदिल्लीमा वायु प्रदुषणमा भएको वृद्धिले स्वास्थ्य जोखिम बढाइरहेका बेला सार्वजनिक भएको एक सर्वेक्षणले महानगर र आसपासका क्षेत्रमा बसोबास गर्ने करिब ८० प्रतिशत परिवार वायु प्रदुषणसँग सम्बन्धित रोग भएको देखाएको छ ।

वायुको गुणस्तर सुचकाङ्कले गम्भीरतह पार गरेको वर्तमान सन्दर्भमा सार्वजनिक भएको नयाँ सर्वेक्षण र त्यसका निष्कर्षलाई महत्वपूर्ण मानिएको छ ।

सर्वेक्षणका निष्कर्षलाई उद्धृत गर्दै बिजनेस स्टचान्डर्ड दैनिकले छापेको समाचारअनुसार नयाँदिल्ली र वरपरका क्षेत्रमा बसोबास गर्ने प्रत्येक पाँच परिवारमध्ये चारले प्रदुषण-सम्बन्धित रोगको शिकार भएको अनुभव गरिरहेको छन् । उनीहरूमध्ये १८ प्रतिशतले डाक्टर वा अस्पताल गएर रोगको निदान एवम् उपचार खोजेका छन् ।

नोएडा, गाजियाबाद, गुरुग्राम र फरीदाबाद नजिकका सामुदायिक सामाजिक सञ्जाल र स्थानीय समूहसँगको सभागितामा गरिएको सर्वेक्षणमा १९ हजार जनालाई समेटिएको थियो । असी प्रतिशतले प्रदूषणका कारण धेरै समस्या सामना गरिरहेको बताए भने सात प्रतिशतले प्रदूषणबाट आफ्नो स्वास्थ्यमा कुनै समस्या नभएको बताएका छन् ।

### युक्रेन युद्धअघि रूसलाई ड्रोन उपलब्ध गराएको इरानद्वारा स्वीकार

तेहरान, २० कात्तिक (रासस/एपी) ।

इरानले युक्रेन युद्धअघि रूसलाई ड्रोन उपलब्ध गराएको स्वीकार गरेको छ । इरानी विदेश मन्त्री होसेन अमीराबदुल्लाहियानले युक्रेनमाथि आक्रमण हुनुभन्दा केही महिनाअघि थोरै सङ्ख्यामा ड्रोन पठाइएको शनिबार बताउनुभएको हो ।

तेहरानले मस्कोलाई ड्रोन आपूर्ति जारी राखेको पश्चिमा राष्ट्रहरूको आरोपको खण्डन गर्दै तिनको प्रयोग युक्रेनी ऊर्जा केन्द्र र नागरिक पूर्वाधारहरूमा लक्षित भएनभएको यकिनका साथ भन्न नसकिने स्पष्ट गर्नुभयो ।

"युक्रेन युद्धमा इरानले रूसलाई क्षेप्यास्त्र र ड्रोन उपलब्ध गराएका आरोप निराधार हुन्," विदेशन्त्री अमीराबडोल्लाहियानलाई उद्धृत गर्दै सरकारी समाचार समिति इर्नाले जनाएको छ । यद्यपि युक्रेनी राष्ट्रपति भोलोडिमिर जेलेन्स्कीले तेहरानलाई झूट बोलेको आरोप लगाउदै किएभमा सेनाले दिनहुँ कम्तीमा १०वटा ड्रोन खसालेका बताउनुभएको छ ।

रूसले आफ्नो देशमा आक्रमण सुरु गरेदेखि नै नागरिक र पूर्वाधारमा आक्रमण इरान निर्मित ड्रोन प्रयोग गरेको दाबी गर्दै युक्रेनी राष्ट्रपतिले घातक ती ड्रोनमध्ये ६०-७० प्रतिशत खसालेको बताउनुभएको छ । इरानी ड्रोन आपूर्तिलाई लिएर बेलाइत, फ्रान्स र जर्मनीका कूटनीतिज्ञले गत शुक्रबार संयुक्त राष्ट्रसङ्घ महासचिवलाई पत्र लेखेर छानबिन गर्न आग्रह गरेका थिए ।

### हैजा नियन्त्रणका लागि विश्व स्वास्थ्य संगठनद्वारा सहयोगको आग्रह

बेरुत, २० कात्तिक (रासस/सिन्ह्वा) ।

विश्व स्वास्थ्य सङ्गठनले लेबनानमा हैजाको नियन्त्रणका लागि आर्थिक सहयोगका लागि अपिल गरेको छ । लेबनानमा केही समययता हैजाको प्रकोप बढेकाले सो सङ्गठनले सहयोगका लागि अपिल गरेको हो ।

हैजासहित अन्य जनस्वास्थ्यका समस्याको समाधानका लागि एक करोड दुई लाख अमेरिकी डलर बराबरको आर्थिक सहयोग आवश्यक रहेको आग्रह गरेको छ ।

लेबनान हाल आर्थिक सङ्कटमा परेको र यहाँ शुद्ध खानेपानी र सरसफाईका लागि ठूलो रकमको आवश्यक परेको भन्दै यसका लागि हाल लेबनानलाई सो आर्थिक सहयता चाहिएको विश्व स्वास्थ्य सङ्गठनले जनाएको छ ।

विश्व स्वास्थ्य संगठनका लेबनान प्रमुख अब्दिनाकिर अबुदकरले लेबनान आर्थिक समस्यामा परेको अहिलेको अवस्थामा यहाँ हैजा फैलिइरहेको देखिएकोले यसको नियन्त्रणका लागि सहयोगको याचना गरिएको बताउनुभयो ।

लेबनानमा केही महिनायता फैलिएको हैजाबाट दुई हजार पाँच सयभन्दा बढी प्रभावित भएका छन् । अहिले पनि यहाँ चार सय १६ जना हैजाका विरामी रहेका छन् ।

लेबनानका स्वास्थ्य अधिकारीहरुले दिएको जानकारीअनुसार हाल यहाँ १८ जनाको हैजाबाट ज्यान गएको छ । गत अक्टोबरको पहिलो हप्ता यहाँ हैजा देखिएको थियो र अहिले पनि यसको प्रकोप बढ्दो छ ।

समयमै हैजाको नियन्त्रण नगर्दा यहाँ यसले महामारीको रुप लिने त्रास भएकाले विश्व स्वास्थ्य सङ्गठनले तत्कालै नियन्त्रणका लागि आवश्यक उपाय अवलम्बन गर्न लेबनान सरकार र सबैसँग अपिल गरेको हो ।

विश्व स्वास्थ्य सङ्गठनले अफ्रिकामा देखिएको इबोला र लेबनानको हैजा नियन्त्रणका लागि सबैसँग अपिल गरेको छ । केही अफ्रिकी देशमा पछिल्ला केही महिनायता इबोलाको प्रकोप बढेको छ ।

# तीन दिन 'अनटाइम्ली' रेल सेवा सञ्चालन हुने

जनकपुरधाम, २० कार्तिक (रासस)। जयनगर–कुर्था रेलमार्गमा यही कार्तिक २१ गतेदेखि तीन दिन यात्रुको सुविधाअनुसार अनटाइम्ली (निर्धारित सिफ्टभन्दा बाहेक) रेल सेवा सञ्चालन गरिने भएको छ।

कार्तिक पूर्णिमाको अवसरमा कमला नदीमा नुहाउन आउने तीर्थालुहरूको सुविधालाई दृष्टिगत गरी नेपाल रेल्वे कम्पनीले कार्तिक २१, २२ र २३ गते यात्रुको सुविधाअनुसार अनटाइम्ली रेल सेवा सञ्चालन गरिने जनाएको छ।

नेपाल रेल्वे कम्पनीका प्रबन्ध सञ्चालक निरञ्जनकुमार झाले सूचना जारी गरी कार्तिक पूर्णिमाको अवसरमा कमला नदीमा नुहाउन आउने तीर्थालुहरूको सुविधालाई ध्यानमा राखेर कार्तिक २१ देखि २३ गतेसम्म जयनगर–जनकपुरसम्म अनटाइम्ली सेवा सञ्चालन हुने जानकारी दिनुभएको छ।

कार्तिक पूर्णिमामा कमला नदीमा स्नान गर्न ठूलो सङ्ख्यामा नेपालका विभिन्न स्थानबाट तथा भारतीय सहरबाट समेत तीर्थालु आउँदा सो तीन दिन यात्रुको चाप बढ्नसक्ने भएकाले रेल सेवा अनटाइम्ली गरिएको प्रबन्ध सञ्चालक झाले बताउनुभयो।

"जतिबेला यात्रु आउँछन्, त्यतिबेला नै रेल चलाउँछौँ", उहाँले भन्नुभयो, "यात्रुको सुविधाकै लागि हामीले यस्तो निर्णय लिएका हौँ, तीन दिन यात्रुलाई यातायातको कुनै समस्या हुन दिँदैनौँ, रेल अनटाइम्ली चलाउँछौँ", उहाँको भनाइ थियो।

जयनगरबाट महोत्तरीको बर्दिबाससम्म ७० किलोमिटर निर्माणाधीन रेलमार्गमध्ये जयनगरबाट कुर्थासम्म ३५ किलोमिटर रेलमार्गमा गत २०७८ चैत २० गतेदेखि नियमित रेल सेवा सञ्चालन हुँदै आएको छ।

सो मार्गमा चल्ने रेल सेवाको गत २०७८ चैत २० गते नेपालका प्रधानमन्त्री शेरबहादुर देउवा र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले हरियो झण्डा देखाएर जयनगर–कुर्था रेलमार्गमा रेल सेवाको शुभारम्भ गर्नुभएको थियो। त्यसयता निर्धारित समयतालिकाअनुसार नै नियमित रेल चल्दै आएको प्रबन्ध सञ्चालक झाको भनाइ छ। उहाँका जयनगरबाट ८:३० र ३ बजे छुट्ने गर्छ भने कुर्थाबाट १०:३० र ५:१५ मा अर्को रेल छुट्ने गरेको छ। लामो समयदेखि रेल चल्ने सुने पनि थन्किएको रेल देख्दै आएका धनुषावासी नियमित सञ्चालित रेल देखेर दङ्ग छन्।

रेल चल्न थालेसँगै यहाँको पर्यटन, धार्मिक क्षेत्रको विकास हुने र स्थानीय उत्पादनको निर्यात बढ्ने स्थानीयको विश्वास छ। रेल रोकेर यात्रु चढाउन र झार्नका लागि सात ठाउँमा स्टेशन/हल्ट रहेका छन्। तीनमा कुर्था, परवाहा, बैदेही, महिनाथपुर, खजुरी, इनर्वा र जयनगर छन्।

भारतको सरकारी कम्पनीमार्फत रेल सेट खरिद गरेर करिब दुई वर्षअघि नेपाल आइपुगे पनि विभिन्न समस्याका कारण सञ्चालन हुनसकेको थिएन। कहिले कर्मचारी नहुने त कहिले कानुनको अभावले गर्दा लामो समय रेल सेट उसै थन्किएको थियो। अहिले दुवै सेट रेल सञ्चालनमा छ।

रेल सञ्चालनका लागि हाल २६ भारतीय र ५९ नेपाली कर्मचारी कार्यरत रहेको कम्पनीले जनाएको छ। भारतीय कर्मचारीमा खासगरी चालक दलका र केही इञ्जीनियर रहेको प्रबन्ध सञ्चालक झाले जानकारी दिनुभयो। कुर्थाबाट जयनगर वा जयनगरबाट कुर्था ३५ किमीका लागि सामान्य सिटमा रु ९० भाडादर तोकिएको छ। एसीका लागि भने त्यसको पाँच गुणा अर्थात् रु चार सय ५० तिर्नुपर्ने कम्पनीले जनाएको छ। कम दूरीमा यात्रा गर्दा स्वतः भाडादर त्योभन्दा कम हुनेछ।

# आयोगबाट तोकिएको मापदण्डका आधारमा सम्पर्क कार्यालय खोल्नुपर्ने

काठमाडौँ, २० कार्तिक (रासस)। आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचनका लागि राजनीतिक दल तथा उम्मेदवारले निर्वाचन आयोगबाट तोकिएको मापदण्डका आधारमा सम्पर्क कार्यालय खोल्नुपर्ने छ।

आयोगले सोका लागि यसअघि सात बुँदे निर्देशन दिइसकेको छ। निर्देशनानुसार प्रतिनिधिसभा सदस्य निर्वाचन प्रणालीतर्फ प्रतिनिधिसभा सदस्य पदको उम्मेदवारले आफ्नो निर्वाचन क्षेत्रमा प्रदेश निर्वाचन क्षेत्रलाई समेट्ने गरी बढीमा तीनवटा सम्पर्क कार्यालय खोल्न र प्रदेशसभा सदस्य निर्वाचन प्रणालीतर्फ प्रदेशसभा सदस्य पदको उम्मेदवारले एक सम्पर्क कार्यालय खोल्न सक्नेछन्।

प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य समानुपातिकतर्फ बन्दसूचीमा उम्मेदवारी पेश गरेका दलले प्रतिनिधिसभा सदस्यको निर्वाचन क्षेत्रमा एक सम्पर्क कार्यालय खोल्न सक्ने र माथिका प्रकरण नं १, २ र ३ बमोजिम कार्यालय स्थापना गर्दा सम्भव भएसम्म एउटै स्थान प्रयोग गर्न आयोगले निर्देशन दिएको छ।

प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्यतर्फ उम्मेदवारी दिई निर्वाचन चिन्ह प्राप्त गरिसकेपछि त्यस्ता उम्मेदवारले अन्य कुनै उम्मेदवारलाई समर्थन गरेको भएमा त्यस्ता उम्मेदवारले सम्पर्क कार्यालय स्थापना गर्न नपाउने र प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचनका लागि घर भाडामा लिई सम्पर्क कार्यालय स्थापना गरेको भएमा त्यस्तो घरको घरभाडा उम्मेदवारको निर्वाचन खर्चमा समावेश गर्नुपर्ने आयोगको निर्देशनमा उल्लेख छ।

राजनीतिक दल वा उम्मेदवारले सम्पर्क कार्यालय स्थापना गरेको जानकारी निर्वाचन अधिकृतको कार्यालय, जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय र जिल्ला निर्वाचन कार्यालयमा तुरुन्त उपलब्ध गराउनुपर्छ।

राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ५७ मा आयोगले संविधान र प्रचलित कानुनको अधिनमा रही दलले गर्ने काम कारबाही सञ्चालन गर्दा पालना गर्नुपर्ने विषयका सम्बन्धमा आयोगले आवश्यक निर्देशन दिन सक्नेछ।

सोही दफाको उपदफा (२)मा उपदफा(१) बमोजिमको निर्देशन पालना गर्नु प्रत्येक दलको कर्तव्य हुने कानुनी व्यवस्था रहेको छ। निर्वाचन आचारसंहिता, २०७९ को दफा १३ को उपदफा (१)को (म)मा उम्मेदवारको अन्तिम नामावली प्रकाशन भएपछि मतदान हुने दिनभन्दा सत्र दिनअघि (कार्तिक १७ गते)देखि निर्वाचन प्रचार-प्रसारसम्बन्धी जुलुस, आमसभा, कोणसभा गर्न, सञ्चारमाध्यममा कुनै प्रकारको प्रचार-प्रसार सामग्री प्रकाशन वा प्रसारण गर्न नहुने व्यवस्था रहेको छ।

# सुमो दुर्घटनामा एक नवजात शिशुको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, २० कार्तिक।** धनुषामा सुमो दुर्घटना हुँदा एक नवजात शिशुको घटनास्थलमै मृत्यु भएको छ। दुर्घटनामा अन्य ७ जना घाइते भएका छन्।

धनुषाको लक्ष्मीनिया गाउँपालिकामा ना३च ३५७५ नम्बरको टाटा सुमो अनियन्त्रित हुँदा दुईदिने शिशुको मृत्यु र ७ जना घाइते भएका हुन्।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायव उपरीक्षक प्रदिपबहादुर क्षेत्रीले जनकपुरबाट महेन्द्रनगरतर्फ जाँदै गरेको सुमो अनियन्त्रित भई दुर्घटना भएको बताए।

उक्त सुमोमा सवार ८ जनामध्ये ६ जना सामान्य घाइते, १ जना गम्भीर घाइते भएको र मिथिला नगरपालिका हरिहरपुरकी सन्जुदेवी महतोको २ दिने शिशुको मृत्यु भएको प्रहरी प्रवक्ता क्षेत्रीले बताए।

सोही दुर्घटनामा मिथिला नगरपालिका ३ बस्ने चन्द्रकला महतो गम्भीर घाइते भएकी छिन्। उनको टाउकोमा चोट लागेको अस्थायी प्रहरी पोस्ट लक्ष्मीनियाँ बजारले जनाएको छ। दुर्घटनामा घाइते भएकालाई उपचारका लागि नजिकैको सेन्ट्रल हस्पिटलमा लगिएको छ।

# तीन सयमा डेंगु संक्रमण

काठमाडौँ, २० कार्तिक (रासस)। पछिल्लो एक सातामा तीन सय जनामा डेङ्गुको संक्रमण देखिएको छ। स्वास्थ्य सेवा विभागअन्तर्गतको इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका अनुसार शुक्रबारसम्म तीन सय नयाँ संक्रमित थपिएको हो।

योसँगै देशभर डेङ्गु संक्रमितको संख्या ४७ हजार ६८ पुगेको छ। कार्तिक महिनाको सुरुमै संक्रमितको संख्या घटे पनि डेङ्गुको उच्च जोखिम मङ्सिरको अन्तिमसम्म रहने महाशाखाले बताएको छ।

आइतबार कोभिड-१९ को २८ जनामा संक्रमित थपिएको छ। देशभर गरिएको एक हजार आठ सय ७९ नमूना परीक्षणमा २८ जना संक्रमित भेटिएका हुन। आइतबार निको हुने बिरामीको संख्या १८ जना रहेको छ।

योसँगै देशभर संक्रमणबाट निको हुने बिरामीको नौ लाख ८८ हजार एक सय ४५ पुगेको छ। सक्रिय संक्रमितको संख्या पाँच सय ७० छन्। अहिलेसम्म कोभिड-१९ बाट मृत्यु हुनेको संख्या १२ हजार १९ रहेको छ।

# करका दरमा गरिएको परिवर्तन बदर गर्न निर्देशन

काठमाडौँ, २० कार्तिक (रासस)। निर्वाचन आयोगले गण्डकी प्रदेश सरकारलाई करका दर परिवर्तन गरेकोबारे २४ घण्टाभित्र बदर गरी सोको जानकारी यथाशक्य चाँडो उपलब्ध गराउन निर्देशन दिएको छ।

निर्वाचन आचारसंहिता लागू भइसकेको अवस्थामा प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी करका दरहरू परिवर्तन गरेको देखिएको भन्दै आयोगले स्पष्टीकरण सोधेको थियो। आयोगले गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई निर्णय बदर गरी जानकारी गराउन निर्देशन दिएको छ।

"गण्डकी प्रदेश सरकारले २०७९/०६/२७ गतेको प्रदेश राजपत्र खण्ड-५, सङ्ख्या ५ मा सरकारले विभिन्न करका दरहरूमा छुट दिने गरी सूचना प्रकाशन गरेको देखिएको", स्पष्टीकरणपत्रमा उल्लेख गरिएको छ।

निर्वाचनको सम्मुखमा आचारसंहिता लागू रहेको अवस्थामा यस प्रकारबाट करको दरमा छुट दिनेजस्ता नीतिगत निर्णय गरी कार्यान्वयन गर्दा निर्वाचनको स्वच्छता र निष्पक्षतालाई असर पर्नुका साथै सो कार्य निर्वाचन आचारसंहिता, २०७९ को दफा ५ को खण्ड (ख)को विपरीतसमेत देखिएको पत्रमा उल्लेख गरिएको छ।

गण्डकी प्रदेश सरकारबाट करका दरहरूमा हेरफेर गर्ने गरी भएको निर्णय निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ को उपदफा (२) बमोजिम करको दरमा हेरफेर गर्ने निर्णय प्रक्रियामा संलग्न गण्डकी प्रदेशका मुख्यमन्त्री, अर्थमन्त्री, प्रमुख सचिव र अर्थ मन्त्रालयका सचिवलाई समेत छुट्टाछुट्टै स्पष्टीकरण सोधिएको छ।

स्पष्टीकरणपत्रमा "निर्वाचन आचारसंहिता २०७९ को दफा ५ को खण्ड (ख) को उल्लङ्घनमा निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ को उपदफा (३) बमोजिम निजहरूलाई कारबाही किन हुनु नपर्ने हो? भनी आफ्नो तर्फबाट २४ घण्टाभित्र छुट्टाछुट्टै स्पष्टीकरण पेश गर्न", निर्देशन दिइएको छ।

विज्ञापन व्यवसायलाई पारदर्शी बनाऔं

- विज्ञापनको रकम भुक्तानी गर्दा तोकिएको स्थान, समय र अवधिमा प्रकाशन वा प्रसारण गरेको यकिन गरेर मात्र भुक्तानी गर्ने गरौं।
- सञ्चारमाध्यमले जारी गरेको बिजक र एजेन्सी कमिसन खुल्ने बिजकको आधारमा मात्र विज्ञापन प्रकाशन तथा प्रसारणको भुक्तानी गरौं।
- सम्झौताको आधारमा कारोबार भएको भए सम्झौतामा तोकिएको अवधिमा र कार्यादेशको आधारमा कारोबार भएको भए विज्ञापनदाताले विज्ञापन एजेन्सीलाई एक महिनाभित्र र विज्ञापन एजेन्सीले सञ्चारमाध्यमलाई दुई महिनाभित्र भुक्तानी गरौं।
- समयमा भुक्तानी प्राप्त नभए विज्ञापन बोर्डमा उजुरी गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
City Express Money Transfer
Best Remit Quick & Easy
Prabhu Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शेखर, मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), इमेल : rajbirajdainik@gmail.com, वेबसाइट : rajbirajdainik.com.np